म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १९७ सोमबार १५ फागुन २०७९ ने. सं. ११४३ सिल्लागा 27 February 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## राक्सिराङबाट ३४५ केजी गाँजा सहित २ जना पक्राउ

हेटौंडा, १४ फागुन/मकवानपुरको राक्सिराङबाट ३४५ केजी गाँजा सहित दुइ जनालाई प्रहरीले पक्राउ गरेको छ । राक्सीराङ गाउँपालिका वडा नम्बर-८ गोठडाँडा स्थित स्थानीय प्रेम घलानको घरकोठामा खानतलासी गर्दा निजको घरबाट लागु औषध गाँजा १६३ किलो फेला पारिएको हो । त्यसैगरी सोही स्थानमा ठाकुराम मोक्तानको घरबाट लागूऔषध गाँजा १८२ किलो ४ सय ग्राम गरी जम्मा ३४५ किलो ४ सय ग्राम गाँजा फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । गाँजा सहित घलान र मोक्तानलाई नियन्त्रणमा लिई थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ । उनीहरुलाई जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट प्रहरी निरिक्षक केशर कुमार न्यौपानेको कमाण्डमा र इलाका प्रहरी कार्यालय मनहरीबाट प्रहरी निरिक्षक कृष्णराज ढकालको कमाण्डमा सयुक्त प्रहरी टोली गाँजा र मानिसलाई नियँत्रणमा लिएको हो ।

# राष्ट्रपति निर्वाचनसम्म बागमतीमा सरकार विस्तार नहुने

साझाकुरा संवाददाता

हेटौंडा, १४ फागुन/ राष्ट्रपति निर्वाचनलाई लिएर केन्द्रीय सत्ता समिकरण परिवर्तन भएपछि त्यसको प्रभाव बागमती प्रदेशमा पनि परेको छ ।

बागमतीमा सत्ता साझेदार दल राप्रपाले सरकारलाई दिएको समर्थन फिर्ता गर्दै तीन मन्त्रीले राजिनामा दिएपछि मुख्यमन्त्री शालिकराम जम्कट्टेल अल्पमतमा परेका छन् । तर, नयाँ सत्ता समिकरणका कारण उनलाई सरकार र प्रदेश सभामा संकट भने छैन् । राप्रपा संसदीय दलका नेता एवं प्रदेशका खानेपानी, उर्जा तथा सिंचाईमन्त्री उद्धव थापा, पर्यटन उद्योग तथा शहकारी मन्त्री डम्बरबहादुर तामाङ र वन तथा वातावरणमन्त्री राजु विष्टले राजिनामा बुझाएपछि बागमतीमा ३ मन्त्रालय रिक्त छ । उक्त मन्त्रालय मुख्यमन्त्री जम्कट्टेल आफैंले राखेका छन् ।

रिक्त रहेको खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालय, पर्यटन उद्योग तथा शहकारी मन्त्रालय र वन तथा वातावरण मन्त्रालयमा तत्काल नयाँ मन्त्री नियुक्त नहुने भएको छ । नयाँ सत्ता समिकरणमा नेपाली कांग्रेस र एकीकृत समाजवादी पार्टी रहेपनि हाल सरकार विस्तार नहुने भएको हो । एमालेले २५ फागुनमा हुने राष्ट्रपति निर्वाचनसम्म सरकारलाई दिएको समर्थन कायम राख्ने एमाले बागमती प्रदेश संसदीय दलका नेतासमेत रहेका आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ



थपलियाले बताए ।

राष्ट्रपति निर्वाचनसम्म नयाँ सत्ता समीकरणमा चामत्कारिक फेरबदल नआए बागमतीमा नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादीको सरकार गठन हुने लगभग पक्का छ । मुख्यमन्त्री जम्कट्टेलले २५ फागुनमा हुने राष्ट्रपनि निर्वाचनपछि मात्रै सरकार विस्तारको योजना बनाएका छन् । तर, राष्ट्रपति निर्वाचन पछि पनि सम्भावित राजनीतिक घटना क्रमलाई अहिले नै भन्न सकिने सांसदहरु बताउँछन् । २५ पुसमा नेकपा एमाले, नेकपा माओवादी केन्द्र र राप्रपाको गठबन्धन सरकार गठन भएको थियो । प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन अघिको कांग्रेस सहितको पुरानै गठबन्धनमा बागमतीको मुख्यमन्त्रीमा कांग्रेसले दाबी गरेको थियो । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड हुँदा बागमती कांग्रेसले पाउनेमा कांग्रेस सांसदहरु ठुक्क थिए ।

तर, प्रचण्डले एमालेसँग नयाँ गठबन्धन बनाएपछि भागबण्डामा बागमतीको नेतृत्व माओवादीले पाएको हो । अबको गठबन्धनमा बागमती कसको भागमा पर्ने भन्न नसकिने कांग्रेस नेताहरुको भनाई छ । 'बागमतीमा माओवादीले पनि नछोड्ला तर, हाम्रो पनि दाबी र हन्छ । भागबण्डा भएपछि मात्रै टुंगिएला,' कांग्रेस एक सांसदले भने । अब नयाँ सत्ता समीकरण राष्ट्रपति निर्वाचनपछिसम्म कायम रहे बागमतीमा मन्त्रीमण्डल पुन: गठन हुनेछ । नयाँ गठबन्धनमा भागवण्डा टुंगिइनसकेकाले बागमतीमा मुख्यमन्त्री जम्मकट्टेल नै रहन्छन् वा रहँदैनन् भन्ने यकिन छैन । गठबन्धनको भागबण्डाअनुसार जम्मकट्टेल नै मुख्यमन्त्री रहने अवस्थामा एमाले र राप्रपाले लिएको मन्त्रालयमा कांग्रेस र एकीकृत समाजवादीको दाबी रहने देखिन्छ ।

माओवादी केन्द्रका सांसद प्रेमबहादुर पुलामी नयाँ गठबन्धनबाट पनि जम्मकट्टेल नेतृत्वकै सरकार बन्ने दाबी गर्छन् । उनले मुख्यमन्त्री जम्कट्टेल नै मुख्यमन्त्री हुने र कांग्रेस तथा एकीकृत समाजवादीलाई सरकारमा सहभागी गराउने बताए । तर, बागमतीमा कांग्रेसले मुख्यमन्त्री दाबी गरे माओवादी केन्द्रलाई अप्ठेरो पर्ने देखिन्छ । एमालेसँग मिलेर सरकार बनाएको २ महिनामै साथ छोडेको माओवादीलाई आगामी दिनमा कांग्रेसको साथ अपरिहार्य छ । पुन: एमालेसँग मिल्न जाने ढोका तत्काललाई बन्द भएको र सबैभन्दा ठूलो दल कांग्रेसको साथ महत्वपूर्ण रहेकाले प्रधानमन्त्री प्रचण्डलाई कांग्रेसको माग सम्बोधन गर्नुपर्ने दबाब रहन्छ ।

बागमती प्रदेशसभा कुल ७ वटा दलको प्रतिनिधित्व रहेको छ । प्रदेशसभामा एमालेको २७, माओवादीको २१ र राप्रपाको १३ सांसद छन् । नेपाली कांग्रेससँग ३७, समाजवादीसँग ७, नेमकिपासँग ३ र हाम्रो नेपाली पार्टीसँग २ मत छ । १ सय १० सदस्यीय प्रदेशसभामा सरकार गठनका लागि ५६ सांसद भए पुग्छ । बागमतीमा कांग्रेस र माओवादी मिल्दा मात्रै पनि सरकार गठनका लागि बहुमत पुग्छ । एकीकृत समाजवादीको मत थप हुन आउनेछ । मुख्यमन्त्री जम्मकट्टेललाई ३ माघमा प्रदेशसभा बैठकमा उपस्थितमध्ये १ सय ५ सांसदले विश्वासको मत दिएका थिए । वर्तमान सरकारमा नरहेका तर समर्थन गरेका नेकपा एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टी तथा प्रतिपक्षमा रहेको कांग्रेसले पनि मुख्यमन्त्री जम्मकट्टेललाई विश्वासको मत दिएको थियो ।

# बालमैत्री घोषणा गर्न नगर र वडा सहजकर्तालाई तालिम

साझाकुरा संवाददाता

हेटौंडा, १४ फागुन/ हेटौंडा उपमहानगरपालिकाले बालमैत्री स्थानीय शासन अबलम्बन घोषणा अभियानलाई तीव्रता दिएको छ ।

बालमैत्री पालिका घोषणाको तयारीमा जुटेको हेटौंडाले नगर र विभिन्न वडाका सहजाकर्ता तथा वडाका सम्पर्क व्यक्तीका लागि तालिम सञ्चालन गरेको छ । २०८० सम्म बालमैत्री घोषणाको तयारीमा रहेको उपमहानगरले नियुक्त गरेको १ नगर र १९ वडाका २० जना सहजकर्तासहित सम्पर्क व्यक्तीहरुलाई बालमैत्री स्थानीय शासन सम्बन्धि क्षमता विकास तालिम दिएको हो ।



तालिमका क्रममा सजकर्ताहरुलाई नगरका विभिन्न वडामा रहेका घरहरुमा रहेको बालबालिकाको तथ्याङक संकलनका क्रममा गर्ने समन्वय तथा सहजिकरणका बिषयमा जानकारी गराइने उपमहानगरका महिला तथा बालबालिका महाशाखा प्रमुख बिष्णुकुमारी लामिछानेले बताइन् ।

उपमहानगरले हाललाई असार मसान्त सम्मका लागि नियुक्त गरेको सहजकर्ता टोलीलाई तालिमसँगै काममा परिचालन गरिने छ । तालिममा हेटौंडा उपमहानगरका प्रमुख तथा बालमैत्री स्थानीय शासन नगर समन्वय समितिका संयोजक मिनाकुमारी लामाले नगरले लिएको लक्ष्यलाई पुरा गर्ने जिम्मेवारी दृढताका साथ पुरा गर्न निर्देशन दिएकी छन् । उपमहानगरले दिएको जिम्मेवारीलाई गम्भिर रुपमा लिँदै समाज रुपान्तरणको काममा सक्रियताका साथ लाग्नु पर्ने बताइन् । उनले अनुशासित र मर्यादित भएर काममा लाग्दै नगरको विकासमा सहयोग पुऱ्याउने जोड दिइन् । कामको गर्ने क्रममा समाजसँगै जोडिनका लागि जनप्रतिनिधिको आवश्यकता रहने भएकाले उनीहरुको सल्लाह सुझावअनुसार काम गर्न सुझाव मेयरको छ ।

जनताबाट अनुमोदित भएको जनप्रतिनिधिलाई अटेर गर्ने काम नगर्न उनको निर्देशन थियो । चार दिनसम्म सञ्चालन हुने तालिममा बालमैत्री शासनका राष्ट्रिय प्रशिक्षक बिष्णुप्रसाद चौबे प्रशिक्षक रहेका छन् । कार्यक्रम मेयर लामाको सभाध्यक्षतामा भएको हो । उपमहानगरले बालमैत्री नगर घोषणाका लागि १ नगर सहजकर्ता, १९ वडा सहजकर्ता र ३० जना तथ्यांक संकलक गरी ५० जनालाई नियुक्त गरेको छ । सरकारले २०८७ सम्म नेपाललाई बालमैत्री राष्ट्र घोषणा गर्ने लक्ष्य कार्यान्वयनका लागि उपमहानगरले अभियान सञ्चालन गरेको हो ।

## मकवानपुरका दुई युवा मेचीमहाकाली साइकल यात्रामा


साझाकुरा संवाददाता

हेटौंडा, १४ फागुन/ मकवानपुरका दुई युवा मेचीमहाकाली साइकल यात्रामा निस्किएका छन् । हिमालयन राइडर्स सोसाईटीका सदस्य कीर्तन गोपाली र राजीव ठाकुर मेचीमहाकाली साइकल यात्रामा निस्किएका हुन् ।

उनीहरुले मेचिबाट साइकल यात्रा सुरु गरेर हेटौंडा पनि पार गरिसकेका छन् । मेचीबाट हिँडेको तेस्रो दिनमा उनीहरु हेटौंडा आइपुगेका थिए । साइकलयात्री ठाकुर हेटौंडा-४ कर्रा निवासी हुन् भने गोपालीको घर थाहा नगर पालिका हो । वातावरण जोगाएर सम्पूर्ण प्राणी जगतको रक्षा गर्ने मूल नारा सहित साइकलयात्रा सुरु गरेको उनीहरुको भनाई छ । स्वास्थ्यका लागि साइकल, पर्यावरणका लागि साइकल, पर्यटनका लागि साइकल भन्ने नारा उनीहरुले बोकेका छन् ।

सहरी क्षेत्रमा दैनिक कामकाजका लागि पनि साइकल नै प्रयोग गर्न प्रेरित गर्ने उद्धेश्यले मेची-काली साइकलयात्रा सुरु गरेको उनीहरुले बताए । गत ७ फागुनमा राष्ट्रिय प्रजातन्त्र दिवसको अवसर पारेर झापाको काँकडभिट्टाबाट उनीहरुले साइकलयात्रा सुरु गरेका थिए । मकवानपुरमा पछिल्लो समय साइकिलिङको वातावरण बढेको छ ।

# होटल तथा पर्यटन व्यवसायी संघको चित्लाङ अधिवेशनले नयाँ नेतृत्व चुन्दै



साझाकुरा संवाददाता

हेटौंडा, १४ फागुन/ होटल तथा पर्यटन व्यवसायी संघ बागमती प्रदेश समितिको चित्लाङ अधिवेशनले नयाँ नेतृत्व चुन्ने भएको छ ।

संघ प्रदेशको अधिवेशन थाहा नगरपालिका-९ चित्लाङमा हुने भएको हो । अधिवेशनको तयारी अन्तिम चरणमा रहेको जनाइएको छ । १७ फागुनमा चित्लाङमा अधिवेशन गर्न लागिएको होटल तथा पर्यटन व्यवसायी संघ बागमती प्रदेशले जनाएको छ । अधिवेशनमा बागमती प्रदेशका १३ जिल्लाका प्रतिनिधि, पर्यवेक्षक तथा अतिथि लगायत गरी करिब २ सय जना सहभागी हुने जनाइएको छ । अधिवेशनको उद्घाटन बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले गर्ने तय भएको छ । चित्लाङमा हुने अधिवेशन सफल बनाउन स्थानीय व्यवसायी पनि उत्साहित देखिएका छन् ।

चित्लाङ मकवानपुरको पर्यटकीय क्षेत्र हो । संघको प्रदेश अधिवेशनले चित्लाङको प्रचार हुने जनाइएको छ । चित्लाङमा अधिकांश काठमाडौं उपत्यकाको आन्तरिक पर्यटकहरु आउने गरेका छन् । संघको अधिवेशनको लागि यसअघि चित्लाङ रिसोर्टमा तयारी बैठक समेत बसेको छ । चित्लाङमा दर्जनौ होम स्टे र रिसोर्टहरु सञ्चालनमा छन् ।

चित्लाङका व्यवसायीले अधिवेशनमा सहभागी हुन आउने पाहुनाहरुलाई एक छाकको खाना र एक रातको आवास नि:शुल्क उपलब्ध गराउने भएका छन् । अधिवेशनलाई सफल बनाउन आवश्यक अन्य सहयोग गर्ने प्रतिबद्धता व्यवसायीहरुले जनाएका छन् । चित्लाङ सामुदायिक होम स्टेका सल्लाहकार बुद्धरत्न मानन्धरले चित्लाङको प्रचारसँगै स्थानीय संस्कृतिको प्रवर्द्धन गर्ने महत्वपूर्ण अवसरको रुपमा यो अधिवेशनलाई लिएको बताए ।

चित्लाङमा भएका रिसोर्ट मात्रै संघमा सदस्य छन्, होम स्टे व्यवसायीहरुको छुट्टै संगठन छ । गाउँमा हुन लागेको कार्यक्रम सफल बनाउन सबै पक्षले सहयोग गर्ने सहमति भएको मानन्धरले बताए । करोड खर्च गरेर पनि एकैपटक १३ जिल्लाका मानिस चित्लाङ ल्याउन नसकिने भन्दै अधिवेशनलाई अवसरको रुपमा लिएको उनको भनाई छ । चित्लाङको संस्कृति प्रवर्द्धन गर्न र यसको प्रचारका लागि अधिवेशन फलदायी हुने मानन्धरको अपेक्षा छ । अधिवेशनमा चित्लाङका विभिन्न समुदायको सांस्कृतिक नाच पनि देखाउने तयारी गरिएको छ । कार्यक्रमको दिन नेवार समुदायको मारुनी नाच, लाखे नाच, तामाङ समुदायको सोरठी, कुस्ले बाजा, गोपाली समुदायको ख्याक र लठ्ठी नाच र पर्वते समुदायको खैंजडी भजन प्रदर्शन गर्ने र त्यसको शुल्क पनि नलिने निर्णय भएको उनको भनाइ छ ।

## इन्द्रसरोवरले गरिब परिचयपत्र वडाबाटै बाँड्ने

साझाकुरा संवाददाता

हेटौंडा, १४ फागुन/ भौगोलिक रुपमा विकट रहेको इन्द्रसरोवर गाउँपालिकाले गरिब परिचयपत्र प्रत्येक वडा कार्यालयबाटै वितरण गर्ने भएको छ ।

भौगोलिक असहजताका कारण गाउँपालिका केन्द्र खानीखेतसम्म परिचयपत्र बनाउन आउँदा गाउँबासीलाई दु:ख हुने भएपछि गाउँपालिकाले वडाबाटै सेवा दिन थालेको हो । गाउँपालिका अन्तर्गतको ५ वटै वडा कार्यालयबाट परिचयपत्र वितरण गर्ने सार्वजनिक सूचना गरेको छ । भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयबाट गाउँपालिकामा संकलित तथ्यांकको विश्लेषण, प्रारम्भिक सूची प्रकाशन तथा गुनासो व्यवस्थापनबाट प्रशोधित तथ्यांकको आधारमा मन्त्रालयले गरेको निर्णय अनुसार परिचयपत्र वितरण गर्न लागिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रल्हाद कार्कीले जानकारी दिए ।

पालिकाले सूचना प्रकाशन गर्दै १ सय १८ परिवारलाई गरिब परिचयपत्र वितरण गर्न लागेको सूची समेत सार्वजनिक गरिएको छ ।

कर्मचारी आवश्यकता

यस फर्मको लागि एक जना (पुरुष) कमचारी आवश्यक परेको हुँदा ईच्छुकले तुरुन्त सम्पर्क राख्नुहोला ।

संख्या : १ (एक) योग्यता: +२ उत्तिर्ण

सम्पर्क:

बिशाल टायर सेन्टर

हेटौंडा-४, मेनरोड सुमार्गी कम्प्लेक्स

फोन: ९८४५८२९४११

घर भाडामा

हेटौंडाको सिँचाईटोल बुद्धमार्गमा रहेको ३५-४० जना अट्ने, २ फ्ल्याट दुई वटा तला, १२ कोठा एटेज बाथरुम, गाडी पार्किङ्, मिटिङ हल सहितको अफिस तथा किराना स्टोरको लागि उपयुक्त घर भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. : ९८२७२५९८०६

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# 'छाउकोठा' घरमै व्यवस्थित गर्नु जरुरी

स्त्रीहरु पहिलोपटक महिनावारी हुँदा विकट गाउँहरुमा घरभन्दा अलि पर लगेर राख्ने गरिन्छ । त्यो राख्ने ठाउँलाई 'छाउगोठ' भन्ने गरिएको छ । शहरी क्षेत्रका स्त्रीहरु पहिलोपटक महिनावारी हुँदा भने आफन्त वा अन्य छिमेकीको घरमा लगेर राख्ने गरिएको पाइएको छ । त्यसलाई भने 'छाउकोठा' भन्ने गरिएको पाइएको छ । अशिक्षाको कारणले गर्दा नै स्त्रीहरु पहिलोपटक महिनावारी हुँदा घरबाट बाहिरिनु परिरहेको छ । महिलाहरुमा शारीरिक विकास हुँदै जाँदा प्रजनन स्वास्थ्यसंग जोडिएको विषय हो, महिनावारी । मानिस जन्मिने प्रक्रिया यहि महिनावारीबाट नै हुने गर्दछ । त्यसलाई नै अवैज्ञानिक तरिकाले व्याख्या गरेर महिनावारी हुनु भनेको ठूलो अपराध गर्नु हो भन्ने भै भान पार्दै आइएको छ । त्यसलाई आजैका दिनदेखि सबैले निर्मूल पार्नु पर्दछ ।

महिनावारी महिलाको शारीरिक विकाससंगै नियमित हुने प्रक्रिया हो । यसलाई पहिलोपटक हुँदा किन छिछि र दूर दूर गरिन्छ ? अन्य सामान्य अवस्थामा हुने महिनावारी र पहिलोपटक हुने महिनावारीमा के फरक छ ? यसको चित्तबुझ्दो जवाफ कस्ले दिन्छ ? 'पहिलोपटक महिनावारी हुँदा घरमा बस्नु हुँदैन, अर्काको घरमा लुक्न जानुपर्छ, घाम नै हेर्नु हुँदैन, दाजुभाइको अनुहार हेर्नु हुन्न, त्यसबेला तरकारीको बोटबिरुवा छुँदा कुहिन्छ भन्ने जस्ता रुढिवादी सोच अहिले पनि कायम हुनुमा कस्को दोष छ ? यो आ-आफैंले समीक्षा गरौं ।

पहिलोपटक महिनावारी हुँदा महिलाहरु डराउने, बेस्सरी पेट दुख्ने, कमजोरी हुने समस्याहरु हुने हुँदा पोषण तत्वको पर्याप्त जरुरी र परिवारको साथ अत्यन्तै जरुरी हुन्छ । तर, हाम्रो समाज भने अनावश्यक रुढीवादी सोच पालेर महिलाहरुको स्वास्थ्यमाथि गम्भीर खेलवाड गरिरहेका छन् । त्यसैले 'छाउगोठ' वा 'छाउकोठा' अब घरकै सुविधासम्पन्न कोठामा हुनुपर्छ । पहिलोपटक महिनावारी हुने छोरीहरुलाई पर्याप्त सुविधा भएको र स्वास्थ्य परामर्श दिने स्वास्थ्यकर्मीको उपलब्धतासहित पहिलो महिनावारी हुने अवस्थामा गर्नुपर्ने सरसफाई र पालना गर्नुपर्ने स्वास्थ्य मापदण्डका विषयमा जानकारी दिनु जरुरी छ । पहिलो महिनावारी हुने अवधिलाई तनाव र त्रासको वातावरणभन्दा प्रजनन स्वास्थ्यको विषयमा बुझ्ने र परिपक्व हुने अवधिको रुपमा परिणत गर्नुपर्दछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ फागुन १६ गते मंगलबार २८ फेब्रुअरी २०२३ । नवमी फाल्गुण शुक्लपक्ष । चिल्लाथ्व ११४३ ने.सं. । सूर्योदय ६:३१, सूर्यास्त ६:०३।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : श्रमबाट प्रशस्त लाभ हुनेछ | तुला | : काममा उत्साह बढ्नेछ |
| वृष | : पारिवारिक समस्या आउनसक्छ | वृश्चिक | : प्रेमको बन्धन कसिनेछ |
| मिथुन | : प्रेमप्रसंग सुमधुर आदर पाइनेछ | धनु | : स्वास्थ्यमा बाधा उत्पन्न हुनेछ |
| कर्कट | : अधुरा योजना पूरा हुने देखिन्छ | मकर | : आतिथ्यपूर्ण सम्मान पाइनेछ |
| सिंह | : भाग्योदयको समय रहनेछ | कुम्भ | : पवित्र कर्ममा मन जानेछ |
| कन्या | : अध्ययन अध्यापनमा गडबडी हुनेछ | मीन | : घरेलु समस्याले सताउने देखिन्छ |

# घाँटी थिच्ने अर्थतन्त्र, मन उजाड्ने दलतन्त्र



डम्बर खतिवडा



**नेपालका दल र नेताहरू श्रीलंकाको राजापाक्षे, पाकिस्तानको भुट्टो-सरिफ परिवार जस्तै असंवेदनशील र जन-घृणाका पात्र हुँदै गएका छन् । यसो भनौं कि यी आगोसँग खेलाँची गर्दैछन् । तर, जब आगोले उनीहरूसँग खेल्नेछ, यिनीहरूसँग पछुताउने अवसर पनि पाउने छैनन्।**

केही महिना अघिको कुरा । वर्षौं कारोबार नगरेको श्रीमतीजीको पुरानो खाता निष्क्रिय परेकोले फेरि 'एक्टिभ' गर्न एक निजी बैंकको शाखामा गएका थियौं । शाखा प्रबन्धकले हामीप्रति अस्वाभाविक रुचि र चासो देखाए । छिटोछिटो हाम्रो काम सकिदिन कर्मचारीलाई निर्देशन गरे । न चिनेका थियौं न कुनै त्यस्तो आग्रह नै गरेका थियौं । खातिरदारीको रहस्य अन्तिममा मात्रै थाहा भयो ।

फर्किन लाग्दा उनले भने, 'तपाईंहरूले ठूलो रकम मुद्दती गर्न हाम्रो बैंक प्रयोग गर्नु भए राम्रो हुन्छ । १२ प्रतिशत ब्याजदर छ । साथीभाइ र आफन्तहरूलाई पनि भन्दिनुहोला है ।' हामी 'सरी' भन्दै उनीबाट छुट्यौं । 'हामीसँग त्यत्रो ठूलो रकम निक्षेप गर्ने क्षमता छैन, हामी सामान्य ग्राहक मात्रै हो' भन्दा उनले आफ्नो खातिरदारी खेर गएजस्तो नमीठो अनुहार पारे । मनमनै ठानें- बैंकका हाकिमले शाखा प्रबन्धकलाई निक्षेप बढाउन सायद 'टार्गेट' दिएका होलान्, त्यसबाट उनको कार्य सम्पादन मूल्याङ्कन हुँदो हो ।

फर्किएपछि आफ्नो थोरबहुत अर्थशास्त्रीय ज्ञानको सदुपयोग गर्दै यसो सोचें- १२ प्रतिशत ब्याजदरले दुई करोड मुद्दती गर्‍यो भने वर्षको २४ लाख त ब्याजै हुने रहेछ । महिनाको २ लाख । यति तलब त नेपालमा राष्ट्रपतिको पनि छैन । निजी क्षेत्रमा मुश्किलले १/२ हजार मान्छेको होला । विशेषत: पुर्ख्यौली जमिन भएकाहरूका लागि त्यति रकम कुनै ठूलो पनि हैन । जग्गाको कुनै एक टुक्रा बेच्दा आइहाल्छ । तिनलाई त जिन्दगीभरि कुनै काम नै नगर्दा पुग्ने रहेछ ।

फेरि अर्कोतिरबाट सोचें- बैंकले त्यो रकम १८ प्रतिशतमा लगानी गर्दा अर्काको पैसामा ६ प्रतिशतको नाफामा त सित्तैंमा भयो । यहाँनेर पाठकले प्रश्न गर्न सक्नुहुन्छ- भयो त भयो के नराम्रो भयो ? मान्छेले बसीबसी खान पाए, अर्काले मस्ती गरे, बैंकले नाफा कमायो भन्ने रिस उठ्यो, ईर्ष्या भयो ? कुरा त्यसो पटक्कै हैन । यसो गर्दा अर्थतन्त्र कसरी असंगत बन्छ भन्ने एक राम्रो उदाहरण हो यो । जब बैंकको सामान्य ब्याजदर नै १८ प्रतिशत हुन्छ भने त्यसबाट लगानी गरेर हुने उद्यमशीलताको औसत प्रतिफल दर कतिसम्म होला भनेर हेर्नुपर्ने हुन्छ । अधिकांश व्यवसायी भन्छन्, 'देशमा १० प्रतिशतभन्दा बढी औसत प्रतिफल दर -एभरेज रेट अफ रिटर्न) भएका उद्योगधन्दा र व्यवसायहरू विरलै छन् ।'

यदि यो प्रवृत्ति सत्य हो भने व्यवसायीहरू सीधै ८ प्रतिशतको घाटामा छन् भन्ने अर्थ लाग्छ । कि त औसत प्रतिफल दर १८ प्रतिशतभन्दा माथि हुनु पर्‍यो । त्यसो गर्ने बित्तिकै बजारको मूल्यस्तर बढ्छ । वस्तु तथा सेवा झनै महँगो हुन्छन् । महँगो हुने बित्तिकै बिक्री घट्छ । यसको अर्थ हो- हाम्रा उद्योगी, व्यवसायीहरू बैंकका मुतका नोकर, बैंकलाई पैसा कमाइ दिने मेसिन भएका छन् । मरिहत्ते काम गर्ने, मुश्किलले बैंक किस्ता तिर्ने, आफू शून्य सिताराम ।

यस्तो नीतिले दुईतिरबाट अर्थतन्त्रको घाँटी रेट्दछ । एकातिर कामै नगरी खाने मान्छेको संख्या बढ्छ । श्रम अनुत्पादक भएर खेर जान्छ । श्रम मात्र खेर जाने हैन, श्रम उत्पादकत्व पनि घट्न थाल्छ । श्रम उत्पादकत्वको एक पाटो कामको अनुभवद्वारा सीप र क्षमता अभिवृद्धि पनि हो । त्यसले अर्थतन्त्रमा उपभोग बाहेक अरू योगदान गर्दैन । अर्कोतिर काम गरेर पनि कुनै मुनाफा, बचत, पूँजी वा धन वृद्धि हुँदैन भने किन काम गर्ने भनेर कामप्रति निराशा बढ्छ । मान्छेले पेशा/व्यवसाय छोड्ने र तुलनात्मक लाभ बढी, जोखिम कम भएको वैदेशिक रोजगार राज्ने मुख्य कारणमध्ये एक यो पनि हो ।

त्यसो त बैंक किस्ता मात्रै साना तथा मझौला उद्यमी व्यवसायीहरूको पीडा हैन । त्यसको अर्को पाटो घरभाडा हो । राज्य, समाज र अर्थतन्त्र यति धेरै आधुनिक भइसक्दा पनि देशमा 'लिज एण्ड रेन्ट' सम्बन्धी कुनै भरपर्दो कानुन र अभ्यास छैन । काठमाडौंमा औसत सटरहरूको न्यूनतम भाडा मासिक २० हजार मात्र हिसाब गर्ने हो भने भाडा र बैंक ब्याजका कारणले मात्रै करिब २५ प्रतिशतभन्दा धेरै मूल्य अभिवृद्धि हुन्छ जान्छ । यसको सीधा गर्न हो- उद्योगी, व्यवसायीले त्यसैबाट जीवन निर्वाह गर्ने वा आर्थिक भविष्य खोज्ने हो भने करिब ४० प्रतिशतको 'मार्कअप' राख्नुपर्ने हुन्छ । त्यसो गर्दा बिक्रीमा कति असर पर्ला ? त्यस्तो मूल्यस्तर मान्छेको खरिद क्षमताभित्रको कुरा होला कि नहोला ?

ठीक यस्तै समस्या साना उद्योगी व्यवसायीको मात्रै हैन । साना किसानको पनि हो । मूल्य र लागतस्तरमा नेपालको कृषि भारत र चीनको मूल्यस्तरसँग प्रतिस्पर्धी हुनुपर्ने हुन्छ । सरकारले कृषिमा केही अनुदान त दिन्छ तर त्यसको अधिकांश हिस्सा पार्टीका 'झोले कार्यकर्ता' ले फर्जी कृषि फर्म र नक्कली कागज बनाएर खाइदिन्छन्, वास्तविक किसान कहाँ त्यो पुग्दै पुग्दैन । तथ्यांकले भन्छ- यति गर्दा पनि देशका किसानले करिब ७०-७५ प्रतिशत कृषिजन्य वस्तुको उपभोग धानेका छन् । त्यसको मुख्य कारण व्यावसायिक सफलता हैन । परम्परागत जीवन निर्वाहसँग जोडिएको संस्कृति हो । नपुग २५-३० प्रतिशतको उपभोग धान्नका लागि मात्रै पनि वार्षिक ६ खर्ब बढीको आयात हुन्छ । अब त मान्छेले परम्परागत कृषि पनि छोड्दै गएका छन् । विशेषत: पहाडी गाउँहरूमा जग्गा बाँझो राख्ने प्रचलन तीव्र गतिमा बढ्दो छ । यसबाट प्रष्ट हुन्छ- आगामी दिनमा नपुग उपभोग अनुपात झनै बढ्ने छ ।

खुल्ला बजारमा सबै चिज माग र पूर्तिले आफैं निर्धारण गर्दछ भन्ने कुरा धेरै पुरानो र थोत्रो भइसक्यो । संसारका कुनै पनि पूँजीवादी मुलुकले आज यो सिद्धान्त जस्ताको त्यस्तै स्वीकार र लागू गर्दैनन्, अर्कालाई उपदेश दिने मात्रै हो । संसारका कुनै पनि देशमा 'रेन्ट एन्ड इन्ट्रेस्ट रेट' लाई असीमित रूपमा लचिलो र खुल्ला बनाएको हुँदैन । असंगत अर्थतन्त्रको अर्को महत्वपूर्ण पाटो जमिनको मूल्य हो । नेपालका अधिकांश धनाढ्य जमिनदारका सन्तान हुन् भन्दा साथीहरू नरिसाए हुन्छ । भलै, आफ्नो जीवनमा उद्यमशीलता, मिहिनेत र कर्मद्वारा धनी भएका पनि थोरै होलान्, उनीहरूलाई सलाम छ । तर, प्रश्न कहाँनेर हो भने जमिनको परम्परागत स्वामित्व हिजैदेखि केही निश्चित शासकीय वृत्त र वर्गसँग मात्रै थियो, असमान र अन्यायपूर्ण थियो । उनीहरूका सन्तानले अंश पाउँदै आए । जमिनको एउटा सानो टुक्रा बेचेर घर बनाएर भाडा उठाउँदा र केही रकम बैंकमा मुद्दती गर्दा जीवनभरि उनीहरूले केही नगरे भयो ।

अर्कोतिर जससँग पुस्तौंदेखि जमिनको स्वामित्व थिएन, उनीहरूले धितो जमानीको अवसर समेत पाउँदैनन् । यो प्रवृत्तिले अर्थतन्त्रमा विपरीत प्रभाव पार्दछ । जीवनभरि मिहिनेत गरेका मानिसको कमाइ एउटा टुक्रा जमिन र घर बनाउने सपनामै सकिन्छ । अर्थात् काम गर्नेहरू सधैं दु:ख र अभावमा हुन्छन्, काम नगर्नेहरूले मस्ती मार्दछन् । आधुनिक अर्थतन्त्र यसरी विकसित हुन सक्दैन । त्यसका लागि काम गर्नेहरूसँग धन हुने र नगर्नेहरूसँग नहुने नियम र प्रणाली हुनुपर्दछ । यहाँ त उल्टो छ । अनि कसले किन काम गर्छ ? जहाँ मान्छेले काम नै गर्दैन, काम गर्नुको अर्थ देख्दैन भने त्यहाँ मान्छेले किन काम गर्छ र त्यो देशको अर्थतन्त्र कसरी उभो लाग्दछ ?नेपालका दल र नेताहरू श्रीलंकाको राजापाक्षे, पाकिस्तानको भुट्टो-सरिफ परिवार जस्तै असंवेदनशील र जन-घृणाका पात्र हुँदै गएका छन् । यसो भनौं कि यी आगोसँग खेलाँची गर्दैछन् । तर, जब आगोले उनीहरूसँग खेल्नेछ, यिनीहरूसँग पछुताउने अवसर पनि पाउने छैनन् ।

कम्युनिष्टहरू कुनै बेला भूस्वामित्वको कुरा गर्थे । त्यो मुद्दा उनीहरूले नै छोडे । परम्परागत मोडेलको भूमि सुधार अब सम्भव पनि रहेन । तर, यहाँनेर दुई वटा कुरा हुन सक्थ्यो जो भएन । एक- परम्परादेखि कहिल्यै कुनै पुस्तामा पनि राज्यबाट जमिनको स्वामित्व नदिइएका वर्ग, समुदायलाई, विशेषत: दलित र अल्पसंख्यक समुदायलाई एक पटक दिन सकिन्थ्यो । त्यसो गर्दा करिब ४३ प्रतिशत पुगेको वन क्षेत्रको ३ प्रतिशत काटिन्थ्यो होला । ४० प्रतिशत वन आफैंमा पर्याप्त र विश्व मापदण्डभन्दा बढी नै हुन्थ्यो । तर, अर्को पनि उपाय थियो- पब्लिक हाउजिङ प्राधिकरण स्थापना गर्ने । जमिनको साटो आधुनिक अपार्टमेन्टका फ्ल्याटहरू नि:शुल्क वा सस्तो दरमा दिने । यसो गर्दा मान्छे जीवनभरिको कमाइ घरजग्गामा लगाएर बाँकी कुरामा उस्तै दु:खी र अभावग्रस्त जीवन बाँच्नुपर्ने पीडाबाट मुक्त हुन्थे ।

सरकारको शाखा अधिकृतले ४० हजार तलब पाउँदो हो । यदि ऊ अपायक जिल्ला र शहरमा छ भने घरभाडा मात्रै २५ हजार तिर्ला, बाँकी १५ हजारले उसले जिन्दगी कसरी काट्दै होला ? यसको सीधा अर्थ हो कि हामीले घुस, कमिसन र भ्रष्टाचारलाई अघोषित रूपमा वैधानिक मानेका छौं । अख्तियारको काम यहाँ भ्रष्टाचारीमाथि अनुसन्धान र कारबाही गर्नु हैन, मोबाइलमा विज्ञापन बजाएर बस्नु हो ।

सबैलाई थाहा छ- कारोबारको अवैधानिकीकरण भन्सारमा न्यून बिजकीकरणबाट सुरुवात हुन्छ । व्यापारीले जे हो, त्यही मूल्य र मात्रामा बिजकीकरण गर्ने हो भने भन्सार कर्मचारीले व्यापारीलाई तर्साउने, गल्ती देखाउने ठाउँ नै हुँदैन । व्यापारीहरू भन्छन् कि भन्सार कर्मचारीले नै न्यूनबिजकीकरण गर्न प्रेरित गर्दछन् । त्यसो त गर्दा व्यापारीले भन्सार तिर्नुपर्ने रकम पनि कम हुन्छ । कर्मचारीले घुसको सौदाबाजी गर्ने, धम्क्याउने, तर्साउने ठाउँ पाउँछन् । तत्काललाई दुवैलाई फाइदा भएजस्तो देखिन्छ । तर, त्यसको प्रभाव मूल्य अभिवृद्धि कर, बजारमूल्य र आयकर सम्म पुग्दछ भन्ने कसैलाई कुनै मतलब हुँदैन ।

यदाकदा चर्चा हुन्छ- देशमा उद्योगधन्दा भएन, निर्यात भएन, व्यापार घाटा व्यापक भयो । झूटो कुरा हो यो । किनकि यहाँ कसैलाई उद्योगधन्दा अभिवृद्धि गर्नु नै छैन । सबैलाई व्यापार गर्नु छ । व्यापार गर्न सजिलो हुने उत्पादनले हैन, आयातले नै हो । उत्पादनसँग अनेक व्यवस्थापकीय झमेलाहरू जोडिएका हुन्छन् । कारखाना राख्न पर्‍यो । ठूलो रकमको लगानी चाहियो । दक्ष श्रमिक, मेसिन, औजार र कच्चापदार्थ चाहियो । व्यापारमा किन्यो, बेच्यो सकियो । उद्यमशीलता अभिवृद्धि गर्ने हो- मानिसलाई प्रयत्न गर्न, असफल हुन, सिक्न र सफल हुने क्षमता विकास गर्न वा बजारतन्त्रसँग समायोजित हुने अवसर दिनुपर्दछ । उद्यमशीलता पनि एक प्रकारको विशेष सीप वा विज्ञता हो । कसैले कुनै काम गर्दैमा त्यो सफल भइहाल्छ भन्ने कुनै ग्यारेन्टी हुँदैन । तसर्थ मान्छेलाई असफल हुँदा पनि निराश नहुने वातावरण दिनुपर्ने हुन्छ । तर, यहाँ त ठीक उल्टो हुन्छ- कारणवश कुनै उद्यमी असफल भयो भने त्यसको सबै भार त्यही एउटा व्यक्तिले उठाउनुपर्ने हुन्छ । अनि मान्छेले ठूलो जोखिम किन मोल्छ ? फर्म वा कम्पनी दर्ताकै समयबाट राज्यले उद्यमशीलताप्रति गलत धारणा सुरुवात गर्दछ । मानौं कि यी टन्न पैसा भएर लुटाउन आएका बेवकुफहरू हुन् । तसर्थ कम्पनी दर्ता, लेखा परीक्षण, कर भुक्तानी र लिक्विडेशन वा खारेजीको प्रक्रियालाई सरल र सामान्य बनाउनुको साटो उल्टै कठोर बनाइन्छ । घाटामा गएका वा प्रयत्न गर्दागर्दै असफल भएका मान्छेहरूले भोग्नुपर्ने अपमान, अप्ठ्यारो र झमेलाहरू सम्झेर पनि अरू मान्छेलाई वैधानिक र जोखिमपूर्ण उद्यमशीलतामा हात हाल्न मनै लाग्दैन ।

अन्यथा लिइन्न भने यो सत्य हो कि यहाँ अधिकांश सफल भनिएका उद्योगी व्यवसायीहरूले कुनै न कुनै प्रकारले राज्य शक्ति र आर्थिक अनुशासनको उल्लंघन गरेका हुन्छन् । देशका एक मात्र अर्बपति विनोद चौधरीले आफैं आफ्नो आत्मकथामा यो सत्य प्रत्यक्ष, परोक्ष स्वीकार गरेका छन् । नेताहरूलाई चाहिएको पार्टी चलाउने, गुट चलाउने र चुनाव खर्च गर्ने पैसा हो । कर्मचारीहरूलाई चाहिएको तलब भत्ताभन्दा बाहिरको अतिरिक्त आम्दानी हो । त्यसको स्रोत भनेको राज्यको बजेट र गैरकानुनी काम गर्न गराउन चाहने व्यापारी नै हुन् । सामान्य सेवाग्राहीबाट सीधै स-सानो रकम घुस संकलन गर्न अब अनेक कारणले असजिलो हुँदै गएको छ तर पनि धेरैले छोडेका छैनन् ।

यस्ता समस्याको संरचनागत समाधान खोज्न नसकिने हैन । लोकतान्त्रिक मुलुकमा पार्टीहरूलाई 'स्टेट फन्डिङ' गर्न मिल्छ । पारदर्शी निर्वाचन बन्डहरू जारी गर्न सकिन्छ । तर, यतातिर कसैको ध्यान छैन । किनकि त्यसो गर्ने वित्तिकै अवैध धन्दा बन्द हुन्छ । अवाञ्छित तबरले समाज र राज्यमा शक्तिशाली हुन सकिंदैन ।

अहिले त अझ ठूलो समस्या नीतिगत भ्रष्टाचार बनेर आएको छ । एकातिर बजेटमा लेखिन्छ, 'स्वच्छ ऊर्जाको खपत बढाएर कार्बन उत्सर्जन रोक्ने' । अर्कोतिर विद्युतीय गाडीहरूको भन्सार दर बढाइन्छ । यस्ता अनेक सन्दर्भ छन् जनताको आँखामा छारो हालिएका । हुँदाहुँदा अब त तस्करका एजेन्टहरू मध्यरातमा अर्थ मन्त्रालयमा छिरेर करका दरहरू फेरफेर गर्न र सीसीटिभी क्यामेराको भिडियो फुटेज डिलिट गरेर हिंड्न सक्ने गरी शक्तिशाली भइसके । यस्तो मुलुकमा सर्वसाधारणको माइबाप को होला ?

खराब कर्जाको भोलुम र खराब ऋणीहरूको संख्या निरन्तर बढ्नु र इतिहासकै उच्च विन्दुमा पुग्नु अर्थतन्त्रको चक्र टुटेको संकेत हो । ऋण तिर्न नसकेर घरजग्गा लिलाम हुँदा मान्छे खुशी होला ? यो टाट पल्टिएको सार्वजनिक घोषणा सरह हो । मान्छेको आत्मसम्मान विपरि त कुनै न कुनै बाध्यात्मक अवस्था क्रियाशील छ भन्ने प्रमाण हो । लोकतन्त्र भनेको प्रतिस्पर्धा मात्रै हैन, निष्पक्षता सहितको प्रतिस्पर्धा हो । जहाँ निष्पक्षता नै हुँदैन, त्यहाँ स्वतन्त्रता नै हुँदैन । लोकतन्त्रले काम गर्दैन । प्रतिस्पर्धाले कुनै सृजनशील परिणाम दिने हैन, उल्टै मान्छेको घाँटी मात्रै थिच्छ । यतिखेर लघुवित्त र ऋणबचत सहकारीबारे दैनिक दर्जनौं समाचार आइरहेका छन् । उनीहरूलाई दानवीकरण गरेर सरकारलाई जोगाउन काम भइरहेको छ । लघुवित्त र सहकारी भनेका त समग्र अर्थको चक्रमा साना अवयव मात्रै हुन् । ती सरकार र राष्ट्र बैंकले दिएको नीतिभित्र हिंड्ने हुन् । यसको अर्थ ती संस्था चोखा हुन् भनेको हैन तर सोच्नुपर्ने कुरा राज्यको आर्थिक, मौद्रिक र वित्तीय नीति बैंक, लघुवित्त र ऋणबचत सहकारीको हातमा हुन्छ कि राष्ट्र बैंक र अर्थ मन्त्रालयको हातमा ? यदि ती संस्थाले कुनै नराम्रो गरेका छन् भने सरकारकै नीतिभित्र गरे होला ? यदि बाहिर गएको भए त्यसको अनुगमन र कारबाही किन भएन ?

प्रमुख कुरा देशमा काम गरेर पैसा कमाउने उद्यमशील पूँजी हैन, पैसाले पैसा फलाउने अनुत्पादक आर्थिक नीतिलाई प्रोत्साहन गरियो । उत्पादनशील पूँजी जसले माल-मुद्रा-मालको लामो चक्रबाट गुज्रिनुपर्ने हुन्छ, यसक्रम अर्थतन्त्र थुप्रै अवसर र रोजगार सृजना हुन्छ । अर्को व्यापारिक पूँजी जसले मुद्रा-माल-मुद्राको परिपथ तय गर्छ । र तेस्रो वित्तीय पूँजी जसले मुद्रादेखि मुद्राको छोटो बाटो तय गर्दछ । जब कुनै देशको अर्थतन्त्रको मूलचक्र नै तेस्रो प्रकारको बन्छ, त्यस्ता देशमा नेपालको जस्तो असंगत अर्थतन्त्र निर्माण हुने हो । हिजो मान्छे विश्वास गर्दैनथे कि देश टाट पल्टिन सक्दछ । जब श्रीलंका सबैका आँखासामु टाट पल्टियो, आज देश टाट पल्टिन सक्छ भन्ने सबैले पत्याउने भए । तर, धेरैलाई अझै भ्रम छ कि देश टाट पल्टियो भने गरिब र मध्यम वर्गीय पिल्सिने हुन् । धनी र शक्तिशालीलाई केही हुने छैन । संभवत: यही ठानेर कथित धनी र शक्तिशालीहरू कानमा तेल हालेर बसेका छन्, जो सत्य हैन ।

बजार चक्र चुँडियो भने धनी र शक्तिशाली पनि सुरक्षित रहन सक्ने छैनन् । बजारमा अत्यावश्यकीय वस्तु र सेवाहरूको अभाव भयो भने तिनीहरूले सुन, चाँदी, पैसा र शेयर प्रमाणपत्र खाने हैनन् होला । ती बिमारी पर्दा तिनीहरूको पहुँच र शक्तिको तुजुकले अस्पतालमा औषधि आफैं आउँदैन होला । तिनको सम्पत्ति र शेयर मूल्य उत्तिकै रहँदैन होला । तिनका व्यवसायहरूको कारोबार यथोचित र हुँदैन होला ।श्रीलंका टाट पल्टिनुका मुख्य पाँच वटा कारण थिए । तीमध्ये १ मात्र प्राकृतिक कारण थियो- कोभिड-१९ ले पर्यटन उद्योग ध्वस्त हुनु । बाँकी अन्तर्राष्ट्रिय बजारमा श्रीलंकाली कामदारको कमजोर स्वीकृति, कुबेलाको अति महत्वाकांक्षी अर्गानिक कृषि योजना, वैदेशिक ऋणको पासो र भ्रष्टाचार मानव निर्मित वा कृत्रिम थिए । राज्यका गलत निर्णय र कुशासनसँग जोडिएका थिए । राजापाक्षे परिवारको तमिल र पश्चिमा देश विरोधी संकीर्ण सिंहाली राष्ट्रवादको जगमा उभिएको दम्भ र अहंकार जिम्मेवार थियो ।

आज दक्षिण एशियाको अर्को मुलुक पाकिस्तान झण्डै श्रीलंकाकै हालतमा पुगिसकेको छ, आर्थिक आपतकाल घोषणा हुन मात्र बाँकी हो । आर्थिक संकटले आर्थिक संकट मात्रै ल्याउँदैन, राजनीतिक मानवीय, सामाजिक संकट त त्यससँग जोडिएका हुन्छन् नै साथसाथै राज्य र राष्ट्रको अस्तित्व संकटको सवाल समेत जोडिन पुग्छ । आज पाकिस्तान त्यही हालतमा छ । बलुचिस्तान, गिल्गिट, बाल्टिस्तानलगायत क्षेत्रमा पाकिस्तानमै नबस्ने जनभावना बढ्दो छ । त्यसका लागि ठूल्ठूला जनप्रदर्शन र आन्दोलन नै हुँदैछन् । पाकिस्तान जन्मिँदै एक त्रुटिपूर्ण राज्य त थिएन भन्ने प्रश्नमाथि बहस हुँदैछन् ।

तथ्यांक र प्रवृत्तिले भन्छ कि श्रीलंका र पाकिस्तानपछि त्यस्तो हालतको नजिक नेपाल छ । यसको अर्थतन्त्रको चक्र टुटेको छ र त्यसको बहुआयामिक प्रभावले लाखौं सर्वसाधारणको घाँटी रेटिरहेको छ । तर, यहाँ कसैलाई मतलब छैन । दल र तिनका नेताहरूको चरित्र, असंवेदनशीलता र गैरजिम्मेवारीपनको बयान गरिसाध्य छैन । ती गठबन्धन बनाउन र तोड्न, सम्झौता गर्न र धोका दिन, भागबन्डा गर्न र खान, आफूले भनेजस्तो भाग खान नपाए छिनाझपटी गर्न, एकअर्कालाई चिथोर्न, कोपर्न, लुछ्न र सत्तोसराप गर्नमै व्यस्त र मस्त छन् ।

अर्थतन्त्रको चरित्र सर्वसाधारणको घाँटी थिच्ने खालको छ, दलतन्त्रको चरित्र मान्छेको मन उजाड, निराश र उत्साहहीन बनाउने । परपरसम्म क्षितिजमा कुनै आशा, जाँगर नदेखिने । नेपालका दल र नेताहरू श्रीलंकाको राजापाक्षे, पाकिस्तानको भुट्टो-सरिफ परिवार जस्तै असंवेदनशील र जन-घृणाका पात्र हुँदै गएका छन् । यसो भनौं कि यी आगोसँग खेलाँची गर्दैछन् । तर, जब आगोले उनीहरूसँग खेल्नेछ, यिनीहरूसँग पछुताउने अवसर पनि पाउने छैनन् ।

*साभार :अनलाइनखबर*

# गौरवका आयोजनालाई स्रोत सुनिश्चितता, अधुरा आयोजनालाई पर्याप्त बजेट



काठमाडौं/आगामी आर्थिक वर्ष (आव) २०८०/८१ मा बजेट तथा कार्यक्रम बनाउँदा संघीय सरकारका निकायहरुले राष्ट्रिय गौरवका आयोजनालाई स्रोत सुनिश्चितता गर्नु पर्ने भएको छ । अधुरा आयोजनालाई सम्पन्न गर्न समेत पर्याप्त बजेट राख्नु पर्ने गरी राष्ट्रिय योजना आयोगले मार्गदर्शन तथा ढाँचा बनाएको छ ।

आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्यक्रम र त्रिवर्षिय मध्यमकालिन खर्च संरचनाको खाकासहितको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन र ढाँचा २०७९ अनुसार संघीय निकायले वित्तीय हस्तान्तरण, राष्ट्रिय गौरवका आयोजना, रुपान्तरणकारी आयोजना, मध्यमकालीन खर्च संरचनामा प्रतिवद्धता गरिएका लागत र प्रमुख कार्यक्रमलाई बजेट सीमा उपलब्ध गराउँदा सुनिश्चितता बमोजिम प्रस्ताव गर्नुपर्ने भएको छ ।

राष्ट्रिय गौरवका आयोजना बोहक बहुवर्षीय आयोजना/कार्यक्रमको बजेट तर्जुमा गर्दा आयोजनाको बहुवर्षीय ठेक्कासम्बन्धी मापदण्ड अनुसार खरिद गुरुयोजना स्वीकृत गरी सो अनुसार वार्षिक खरिद योजना र कार्य तालिका अनुसार बजेट प्रस्ताव गर्नुपर्ने भएको छ । विगतमा स्रोत सुनिश्चितता भई बहुवर्षीय ठेक्कामा गएका वा स्रोत सुनिश्चितता दिइएका आयोजनाको अवस्था विश्लेषण तथा अनुमान गरेर मात्र रकम प्रस्ताव गर्न समेत आयोगले संघीय निकायहरुलाई मार्गदर्शन गरेको छ ।

विगतमा स्रोत सुनिश्चितता दिई काम थालिएका अधुरा आयोजना सम्पन्न गर्न प्राथमिकताका साथ बजेट राख्न समेत आयोगले मन्त्रालयहरुलाई मार्गदर्शन गरेको छ । आगामी वर्ष सम्पन्न हुन सक्ने आयोजनालाई मात्र बजेट राख्न समेत भनिएको छ ।

**आयोजना बैंकमा समावेश भएका आयोजनालाई बजेट**

राष्ट्रिय योजना आयोगका अनुसार विकास निर्माणका पूर्वाधारमा जग्गा प्राप्ती, आयोजना स्थलको तयारीसहितका पूर्व तयारीका क्रियाकलाप सम्पन्न भई आयोजना बैंकमा प्रविष्ट भएका आयोजना मात्र बजेटमा राख्नु पर्ने भएको छ । सहलगानीका आयोजना र सार्वजनिक-निजी लगानीका आयोजनामा संघीय सरकारले बेहोर्नु पर्ने रकम मात्र प्रस्तव गरी बजेट बनाउनु पर्ने भएको छ ।

**सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने मापदण्ड पालना गनुपर्ने**

अघिल्लो महिना अर्थ मन्त्रालयले सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड बनाएर कार्यान्वयनमा ल्याएको छ । बजेट बनाउँदा यो मापदण्डलाई पच्छ्याउनु पर्ने भएको छ । अनिवार्य दायित्वमा आवश्यक रकम विनियोजन गरेर मात्र अन्य प्रशासनिक खर्चमा रकम विनियोजन गर्नु पर्ने भएको छ । सरकारको स्रोतबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रमबाट अनुदान दिँदा कुल लागतको ५० प्रतिशत भन्दा बढी नहुने गरी प्रस्ताव गर्नुपर्ने भएको छ ।

**भैपरी आउने शीर्षकमा बजेट राख्न नपाइने**

आयोगले भैपरी आउने भनी शिर्षक राखेर बजेट नराख्न र राख्नै परे प्रयोजन खुलाउन मन्त्रालयहरुलाई मार्गदर्शन गरेको छ । राष्ट्रको प्रतिनिधित्व गरेर अनिवार्य रुपमा सहभागी हुनुपर्ने वैदेशिक कार्यक्रमबाहेक अवलोकन, अध्ययन वा अन्य कुनै भ्रमणमा सरकारको दायित्व नपर्ने गरी वैदेशिक भ्रमणका लागि रकम प्रस्ताव गर्न भनिएको छ । सीप विकास र तालिम जस्ता एकै प्रकृतिका सेवा एउटै निकायबाट प्रदान गर्ने गरी निकायगत समन्वय गर्न समेत आयोगले सचेत गराएको छ ।

**कोषमा रहेको रकम पूर्वाधारमा लगानी गर्ने**


सामाजिक सुरक्षा कोष, नागरिक लगानी कोष, वैदेशिक रोजगार कोष, कर्मचारी कल्याण कोष, निवृत्तिभरण कोष, बीमा कोष तथा संस्थागत कोषलाई एक पोर्टफोलियो बनाएर पूर्वाधार, गौरव तथा रुपान्तणकारी आयोजना र सहलगानीको प्रकृतिका परियोजनामा लगानी गर्न समेत आयोगले सिफारिस गरेको छ । सार्वजनिक ऋणको लगात र लाभ विश्लेषण गरी समष्टिगत आर्थिक स्थायित्व कायम हुने, उत्पादन र उत्पादकत्व वृद्धि हुने र पूर्वाधार निर्माण तथा पूँजी निर्माण हुने गरी प्रस्ताव गर्नुपर्ने भएको छ ।

बजेट बनाउँदा संविधान, १५औं आवधिक योजना, मध्यमकालीन खर्च संरचना, नेपाल सरकारको नीति तथा कार्यक्रम र वर्तमान सरकारका नीतिगत प्राथमिकता, न्यूनतम कार्यक्रम र सो को कार्यान्वयनको एकीकृत कार्ययोजनालाई आधार मान्नु पर्ने भएको छ । संसदीय समितिबाट भएका निर्देशन, दीगो विकास लक्ष्य र नेपाल पक्ष रहेका सन्धी अभिसन्धिलाई समेत संघीय निकायले ध्यानमा राखेर बजेट बनाउनु पर्ने भएको छ ।

**१६ खर्ब ८८ अर्बको बजेट सिलिङ**

आयोगले आगामी आव २०८०/८१ का लागि १६ खर्ब ८८ अर्ब रुपैयाँको बजेट सिलिङ दिएको छ । जसमा १४ खर्ब ३ अर्ब राजस्वबाट प्राप्त हुने अनुमान गरिएको छ । २ खर्ब १ अर्ब वैदेशिक सहायता र २ खर्ब ३० अर्ब आन्तरिक ऋण उठाउन सक्ने अनुमानको आधारमा आयोगले उक्त सिलिङ दिएको हो । यसबाट सो आवमा ६ प्रतिशतको आर्थिक वृद्धिदर प्राप्त हुने अनुमान गरिएको छ । आज २०८२/८३ सम्म वार्षिक ८ प्रतिशतको आर्थिक वृद्धिदर प्राप्त हुने अनुमान आयोगको छ ।

# पल शाहलाई सफाइ दिने उच्च अदालत पोखराको फैसला



काठमाडौं/बालिकामाथि जबरजस्ती करणी गरेको मुद्दा खेपिरहेका कलाकार पल शाहले उच्च अदालत पोखराबाट सफाइ पाएका छन् । न्यायाधीशद्वय डिल्लीराज आचार्य र श्रीधराकुमारी पुडासैनीको संयुक्त इजलासले अभियोग दाबी नपुग्ने भन्दै आइतबार सफाइ दिएको हो।

नाबालिग बलात्कार आरोपमा जिल्ला अदालत नवलपुरको फैसलाविरुद्ध उनले उच्च अदालतमा रिट दायर गरेका थिए । नवलपुर जिल्ला अदालतको फैसला उल्टाउँदै उच्च अदालत पोखराले शाहलाई सफाइ दिने फैसला सुनाएको छ । यसअघि माघ ३ गते तनहुँ जिल्ला अदालतले अभिनेता शाहलाई सफाइ दिएको थियो । न्यायाधीश कोमलप्रसाद आचार्यको इजलासले शाहमाथिको अभियोग दाबी नपुग्ने ठहर गर्दै शाहलाई सफाइ दिएका थिए ।

तनहुँ जिल्ला अदालतले बलात्कारको कसुरमा शाहलाई सफाइ दिए पनि उनी थुनामुक्त हुन पाएका थिएनन् । अब भने शाह थुनामुक्त हुनेछन् । नवलपुर जिल्ला अदालतले शाहलाई बलात्कारको मुद्दामा सफाइ दिए पनि बाल यौन दुरुपयोगमा दोषी ठहर गर्दै साढे २ वर्षको कैद सजाय र दश लाख रुपैयाँ क्षतिपूर्तिको फैसला सुनाएको थियो ।

एक नाबालिगमाथि बलात्कार गरेको भन्दै जाहेरी परेपछि अभिनेता पल शाह गत वर्षको फागुन ११ गते जिल्ला प्रहरी कार्यालय तनहुँमा जाहेरी परेको थियो । जाहेरी परेको ४ दिनपछि २०७८ फागुन १५ गते शाहले प्रहरीसमक्ष आत्मसमर्पण गरेका थिए ।

प्रहरीसमक्ष आत्मसमर्पण गरेपछि अनुसन्धान गरेर तनहुँ प्रहरीले २०७८ चैत ८ गते तनहुँ जिल्ला अदालतमा जबरजस्ती करणीको कसुरमा मुद्दा दर्ता गराएको थियो । मुद्दा दर्ता भएको दुई दिनपछि २०७८ चैत १० गतेको आदेशबाट उनलाई 'तत्काल प्राप्त प्रमाणबाट कसुरदार होइनन् भन्न सकिएन' भन्दै पुर्पक्षका लागि थुनामा पठाइएको थियो ।

# 'फूलबारी'ले बनायो सुस्ताएको बजार चलायमान



काठमाडौं/गत कात्तिक पछि सुस्ताएको नेपाली फिल्मको बजारलाई अघिल्लो हप्ताको फिल्म 'फूलबारी'ले धेरै हदसम्म चलायमान बनाएको छ । स्टार कलाकारका फिल्म समेत डुबिरहेको परिपेक्षमा यो फिल्मले पारिवारिक दर्शकलाई आकर्षित गरेको छ । तर, फिल्मको व्यापार आक्रामक भने छैन । सार्वजनिक विदामा फिल्मले दर्शकको साथ राम्रो पाउने गरेको भएता पनि अन्य दिनमा औसत छ ।

पहिलो हप्ताको शनिबार फिल्म देशभर लगभग हाउसफुल थियो । प्रजातन्त्र दिवस र ग्याल्पो ल्होछारको विदामा पनि फिल्मले राम्रै व्यापार गऱ्यो । त्यस्तै, दोस्रो हप्ताको शनिबार राजधानीका प्राय: मल्टीप्लेक्सहरु हाउसफुल भएका थिए । मोफसलमा पनि यस्तै अवस्था थियो । दोस्रो हप्ताको शनिबारसम्म फिल्मले घरेलू बजारमै ३ करोडको आसपास कमाई गरिसकेको जानकारी प्राप्त छ ।

'पठान', 'शहेजादा', 'स्वर्ड आर्ट', 'ऐन्ट म्यान', 'सेल्फी' जस्ता एकसेएक हलिउड र हलिउड फिल्महरुको बावजूद पनि 'फूलबारी'को कमाईमा खासै असर नपर्नु 'वर्ड अफ माउथ' एउटा महत्त्वपूर्ण कारण हो । फागुन १९ गतेबाट दुई ठूला नेपाली फिल्म 'छड्के २' र 'छक्का पञ्जा ४' प्रदर्शनमा आउने तयारीमा रहेकाले त्यसको अघिल्लो दिनसम्म फिल्मले सुखद कमाईलाई यथावत राख्न सक्नेछ ।

'कबड्डी' निर्देशक रामबाबु गुरुङको निर्देशन, विपिन कार्की, दयाहाङ राई, प्रियंका कार्की जस्ता चलेका कलाकारहरुको अभिनय, 'माया रैछ र' गीतले कमाएको लोकप्रियताले पनि दर्शकलाई हलसम्म तान्न भूमिका खेलेको देखिन्छ । यो फिल्मले घरेलू बजारबाट लगानी सुरक्षित गर्ने सम्भावना प्रवल छ । अहिलेको अवस्थामा फिल्मले लगानी सुरक्षित गर्नु भनेको पनि निकै ठूलो उपलब्धि हो ।

'फूलबारी'ले परिवार भित्रको कथा उठाएको छ । बुबाआमाप्रति सन्तानको दायित्व र कर्तव्य फिल्मले बुझाउँछ । कथासार बलिउड फिल्म 'बागवान'सँग मिल्दोजुल्दो भए पनि निर्देशक गुरुङले नेपाली समाज र परिवेश सुहाउँदो फिल्म बनाएका छन् । जसले गर्दा फिल्मको कुनै न कुनै पाटोमा दर्शकले आफ्नो घरभित्रको कथा भेट्न सक्छन् । नायक विपिन कार्की यो फिल्मका मेरुदण्ड हुन् ।

# फिरोजसँग विवाह गर्दै 'दर्पण छायाँ २' अभिनेत्री सहारा


काठमाडौं/अभिनेत्री सहारा कार्की र अभिनेता तथा पूर्व सञ्चारकर्मी फिरोज तिमल्सिना विवाह बन्धनमा बाँधिने भएका छन् । हाल अमेरिकामा बस्दै आएका उनीहरुले आगामी जुन २६ (असार ११ गते) मा विवाह गर्न लागेका हुन् । केही दिनअघि फिरोजले सहारालाई औंठी लगाइदिँदै विवाहको प्रस्ताव राखेका थिए । र, सहाराले विवाहको प्रस्ताव स्वीकार गरेको खुसी फिरोजले फेसबुकमा साटेका छन् ।

उनले सहारालाई विवाहको प्रस्ताव राखेको तस्विर शेयर गर्दै लेखेका छन्, 'मैले सोधेँ र उनले 'हुन्छ' भनिन् । हाम्रो जीवनको नयाँ अध्याय सुरु भएको छ ।' त्यस्तै, सहाराले पनि आफूले विवाहको प्रस्ताव स्वीकार गरेको उल्लेख गरेकी छन् । उनी लेख्छिन्, 'जुन व्यक्तिसँग म बुढो हुन चाहन्छु र म मेरो जीवनका बाँकी अध्याय पूरा गर्न चाहन्छु । तिमी मेरो सदाको लागि घर हौ र मेरो खुशी ।'

तुलसी घिमिरेद्वारा निर्देशित फिल्म 'दर्पण छायाँ २'बाट सहाराले अभिनेत्रीको रुपमा डेब्यू गरेकी थिइन् । फिल्म असफल भए पनि उनको अभिनयको राम्रै प्रशंसा भएको थियो । तर, यसपछि उनी फिल्म अभिनयमा सक्रिय छैनन् । यही फिल्ममा काम गर्ने क्रममा उनी फिरोजसँग नजिक बन्न पुगेकी थिइन् र पछि दुवै प्रेममा डुबेका थिए । फिरोजको पनि यो फिल्ममा महत्त्वपूर्ण भूमिका थियो ।

फिरोज नेपाल रहँदा एपिवान टीभीमा कार्यक्रम निर्माता तथा उद्घोषक, 'नेपाल आइडल'को प्रोड्युसर र 'द भ्वाइस अफ नेपाल'को चिफ असिस्टेन्ट डिरेक्टरको रुपमा आबद्ध थिए । उनी गायक पनि हुन् । उनले 'मेरी प्रिया', 'इच्छा', 'सुस्तरी', 'किन' लगायतका गीतमा आवाज भरेका छन् । यसमध्ये 'मेरी प्रिया' र 'किन' गीतको म्यूजिक भिडियोमा उनले सहारासँग एकसाथ काम गरेका छन् ।

# निर्माण क्षेत्रको मन्दीले पहिलो त्रैमासमै आर्थिक वृद्धिदर प्रभावित




काठमाडौं/निर्माण क्षेत्रमा आएको मन्दीले चालु आर्थिक वर्ष (आव) को पहिलो त्रैमास (साउन-असोज)मै आर्थिक वृद्धिदर नराम्रोसँग प्रभावित बन्न पुगेको छ । केन्द्रीय तथ्यांक कार्यालयले सार्वजनिक गरेको आर्थिक वृद्धिदरको त्रैमासिक तथ्यांकअनुसार पहिलो त्रैमासमा नेपालले ०.८ प्रतिशतको मात्र आर्थिक वृद्धिदर प्राप्त गरेको छ । यसो हुनुमा अर्थतन्त्रको सबैभन्दा ठूलो हिस्सा ओगटेको कृषिदेखि निर्माण उत्पादन क्षेत्रसम्ममा आएको मन्दी मुख्य कारण देखिएको छ ।

तथ्यांक विभागका निर्देशक गणेशप्रसाद आचार्यका अनुसार पहिलो त्रैमास पूर्वतयारीकै काममा बढी खर्च हुन्छ । सोहीकारण अर्थतन्त्रका मुख्य अवयवहरुमा वृद्धिदर राम्रो देखिँदैन । तर, यस वर्षको पहिलो त्रैमासमा निर्माण क्षेत्रमा सबैभन्दा धेरै प्रभाव देखिएको उनले बताए ।

तथ्यांकअनुसार यस त्रैमासमा निर्माण क्षेत्रको वृद्धिदर २४ प्रतिशतले नकारात्मक देखिएको छ । यो क्षेत्र अघिल्लो आवको यसै त्रैमासमा १८ प्रतिशतले सकारात्मक थियो । खानीजन्य क्षेत्रमा समेत २९.२ प्रतिशतको गिरावट आएको छ । यसले समग्र अर्थतन्त्रको वृद्धिदर नै खुम्चिन पुगेको देखिएको छ ।

कार्यालयको तथ्यांक अनुसार यस आवको पहिलो त्रैमासमा ०.८ प्रतिशत आर्थिक वृद्धिदर प्राप्त भएको छ । अघिल्लो आवको यही अवधिमा ३ प्रतिशतको आर्थिक वृद्धिदर प्राप्त भएको थियो । आव २०७७/७८ को पहिलो त्रैमासमा ०.९ प्रतिशतको वृद्धिदर प्राप्त भएको थियो । आव २०७६/७७ मा भने पहिलो त्रैमासमै २.७ प्रतिशतको वृद्धिदर प्राप्त भएको तथ्यांकले देखाएको छ । चालु आवमा ७ प्रतिशत हाराहारी आर्थिक वृद्धि गर्ने लक्ष्य सरकारले लिएको छ ।

**मुख्य चाडपर्वमै व्यापार र यातायात क्षेत्र प्रभावित**

नेपालमा आर्थिक वर्षको पहिलो त्रैमास होलसेल तथा रिटेल व्यापार हुने मौसम हो । किनकि यसबेला नेपालमा ठूला चाडपर्व पर्छन् र त्यसका लागि बढी किनमेल हुन्छ । यस वर्ष भने चाडपर्व मै व्यापार प्रभावित भएको देखिएको छ । कार्यालयका अनुसार यस आवको पहिलो त्रैमासमा व्यापारमा ३ प्रतिशतको नकारात्मक वृद्धि देखिएको छ । अघिल्लो आवको पहिलो त्रैमासमा यो क्षेत्र १२.२ प्रतिशतले नेगेटिभ थियो ।

यस वर्ष यातायात क्षेत्रमा पहिलो त्रैमासमा ०.३ प्रतिशतको मात्र वृद्धि प्राप्त भएको छ । जहाँकि अघिल्लो आवको यस त्रैमासमा १६.१ प्रतिशतको वृद्धिदर रहेको थियो । कोरोना भाइरसको महामारीपछि यस वर्ष चाडपर्वको समयमा यातायात र बजार पूर्ण रुपमा सुचारु थियो । तर, मानिसहरुले किनमेलमा दिल खोलेर खर्च गर्न नसकेको तथ्यांकले संकेत गरेको छ ।

**अन्तिम त्रैमासका गतिविधिमा निर्भर जीडीपी**

आर्थिक वृद्धिदरको तथ्यांक केलाउँदा नेपालमा पहिलो त्रैमासमा सामान्यतया कम वृद्धिदर हुने गर्छ । यसो हुनुमा पूँजीगत बजेट खर्चले बढी भूमिका खेल्ने कार्यालयका निर्देशक आचार्य बताउँछन् । नेपालमा आर्थिक वर्षको अन्तिम त्रैमास र अन्तिम महिना (असार)मा बढी बजेट खर्च गर्ने प्रवृत्ति रहेको छ । आव २०७८/७९ को पहिलो त्रैमासमा ३, दोस्रोमा ६.९, तेस्रोमा २.९ र चौथो त्रैमासमा ९.८ प्रतिशत आर्थिक वृद्धिदर प्राप्त भएको कार्यालयको तथ्यांक छ ।

# भारतबाट ल्याएको चार ट्याङ्कर डिजेलमा मिसावट भेटिएपछि छानबिन सुरु



झापा/भारतको सिलिगुढीस्थित इन्डियन आयल कर्पोरेसन (आइओसी) बाट झापा ल्याइएको चार ट्याङ्कर डिजेलमा मिसावट भेटिएपछि छानबिन सुरु गरिएको छ ।

नेपाल आयल निगमले गठन गरेको उच्चस्तरीय टोलीले आइतबार छानविन थालेको हो । टोलीले मेचीनगर नगरपालिका-१३ चारआलीस्थित आयल निगमको शाखा कार्यालयमा कर्मचारी र पेट्रोलियम व्यवसायीसँग आइतबार सोधपुछ गरेको छ ।

निगमको चारआली शाखाका प्रमुख भीम विकका अनुसार फागुन १० गते सिलिगुढीबाट चार वटा ट्याङ्करमा ल्याइएको ८० हजार लिटर डिजेलमा मिसावट भएको आशङ्का गरिएको छ । 'केन्द्रबाट आउनुभएको छानबिन टोलीका सदस्यले सोधपुछ र छलफल गरिर हनुभएको छ' उनले भने ।

नवदुर्गा आयल स्टोर्सका नाममा रहेको प्र १-०१-००-१ ख ३५००, माता पाथीभरा आयल स्टोर्सका नाममा रहेको मे १ ख २१५१, उत्तरगङ्गा यातायात प्रालिका नाममा रहेको ना ७ ख १५०७ र रिजाल आयल सप्लायर्स एन्ड ट्रेडर्सका नाममा रहेको ना ७ ख ६९७४ नम्बरको ट्याङ्करमा ल्याइएको ८० हजार लिटर डिजेलको गुणस्तर जाँच्दा मिसावट भेटिएको आयल निगमले जनाएको छ ।

ती ट्याङ्कर हाल चारआलीस्थित निगमको शाखा कार्यालय परिसरमा पार्किङ गरेर राखिएको छ । भारतबाट ट्याङ्करबाट ल्याइएको पेट्रोलियम पदार्थ निगमको शाखामा गुणस्तर जाँचेपछि सिधै विक्रेता पेट्रोलपम्पमा पठाउने चलन छ ।

निगमको केन्द्रीय कार्यालयकी प्रबन्धक कमला न्यौपानेको नेतृत्वमा गठन भएको छानबिन समितिले आजदेखि छानबिन थालेको हो । छानबिन समितिको सदस्यमा निगमको १ नम्बर प्रादेशिक कार्यालय विराटनगरका प्राविधिक अधिकृत वीरेन्द्र मिश्र र पेट्रोलियम गुणस्तर सम्बन्धी प्रयोगशालामा कार्यरत अधिकृत शिवहरि आचार्य छन् ।

भारतमा नेपालको तुलनामा मट्टितेलको मूल्य कम रहेको छ । अझ सरकारी कोटाको मट्टितेल झनै सस्तो हुने गर्दछ । नेपाल ल्याइएको डिजेलमा भारतको सस्तो मट्टितेल मिसाइएको हुनसक्ने आशङ्का गरिएको छ ।

पूर्वी नाका काँकर भिट्टाबाट भारतको सिलिगुढी डिपो ३५ किमी टाढा रहेको छ भने चार आली डिपो १५ किमीमा छ । भारतमा इन्धन लोड गरिएपछि लगाइएको ट्याङ्करको च्याम्बरको चाबी निगमका कर्मचारीसँग मात्र हुने गर्दछ ।

चारआलीस्थित निगमको कार्यालयले नवदुर्गा आयल स्टोर्सको ट्याङ्करमा आएको डिजेलको घनत्व ८१३ किलो प्रतिघनमिटर मापन गरेको थियो । जबकि त्यही तेल भारतको सिलिगुढीमा लोड गर्दा आठ सय २९ किलो प्रतिघनमिटर मापन गरिएको थियो । निगमले अढाई किलो प्रतिघनमिटरसम्मको घटबढलाई मात्र मान्यता दिने गरेको छ ।

सिलिगुढीबाट चारआली आइपुगेका चारवटै ट्याङ्करको डिजेलको घनत्व तोकिएभन्दा धेरै कम भएपछि मट्टितेल मिसावटको आशङ्का गरिएको हो । मट्टितेलको औसत घनत्व सात सय ९० किलो प्रतिघनमिटर हुने गर्दछ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

"तपाई, हामी सबैको कुरा"
साझाकुरा
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।
प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत
साझाकुरा राष्ट्रिय दैनिक

वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# मतदाता नामावली अद्यावधिक र दाबी विरोध प्रक्रिया सुरु गरिँदै

साझाकुरा संवाददाता

हेटौँडा, १४ फागुन/ निर्वाचन आयोगको कार्यालय बागमती प्रदेशले बागमती प्रदेशभर २२ फागुनदेखि मतदाता नामावली अद्यावधिक तथा दाबी विरोध प्रक्रिया सुरु गर्ने तयारी गरेको छ ।

कार्यालयले फागुन २२ देखि ३० गतेसम्म मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत)को कार्यक्रम सञ्चालन गर्न लागिएको आइतबार पत्रकार सम्मेलन गरेर जानकारी दिएको छ । फागुन २३ देखि २५ गतेभित्र प्रकाशित मतदाता नामावलीमा भएको त्रुटी सच्याउन सम्बन्धित प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा निवेदन दिन सकिने, प्रकाशित मतदाता नामावलीमा कसैले झुटा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिन सकिने, प्रकाशित मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा कायम गर्न निवेदन दिन सकिने, एकै स्थानीय तह वा फरक फरक स्थानीय तह वा एकै जिल्ला भित्रको भए प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा र फरक-फरक जिल्ला भए प्रमुख दर्ता अधिकारी मार्फत आयोगमा निवेदन दिन सकिनेछ जनाइएको छ ।

कार्यालयले फागुन २३ गतेदेखि २५ गतेसम्म प्रकाशित मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका वा नागरिकता रद्ध भएका मतदाताको नाम नामावलीबाट हटाउनको लागि सूचना दिने जनाएको छ । २३ गतेदेखि २६ गतेसम्म बसाइसरी अन्यन्त्र गएका वा मृत्यु भएका वा नागरिकता त्याग गरेका वा रद्ध भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त लिने, २३ देखि २७ गतेसम्म नामावलीमा उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने सुचीमा उल्लेख छ । यस्तै २७ गतेसम्म प्राप्त सूचना र स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त विवरणको आधारमा बसाइ सरी अयन्त्र गएका वा मृत्यु भएका मतदाताको हकमा जाँचबुझ गरी प्रमुख दर्ता अधिकारीले हटाउने निर्णय गर्ने, नागरिकता त्याग गरेका वा नागरिकता रद्ध भएका मतदाताको नाम मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानविन गरी प्रमुख नाम दर्ता अधिकारीले हटाउने निर्णय गर्नेछ ।

प्रदेश निर्वाचन कार्यालयबाट फागुन २६ देखि ३० गतेसम्म सूचना निवेदन प्राप्त नभएता पनि कुनै मतदाता बसाई सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्ध भएको व्यहोरा प्रमाणित हुन आएमा त्यस्तो मतदाताको नाम नामावलीबाट हटाउने, उजुरी र सम्बन्धित मतदाताले दिएको सफाईका आधारमा उक्त मतदाताको नामावलीबाट नाम हटाउने वा राख्ने सम्बन्धमा प्रमुख नाम दर्ता अधिकारीले निर्णय गर्ने, परको निवेदन बमोजिम जाँचबुझ गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने कार्यालयको सुचीमा उल्लेख छ ।

फागुन ३० देखि चैत्र १ गते भित्र मतदाता नामावलीमा भएको त्रुटी सच्याइएको र नामावलीमा परेको उजुरी, बसाई सरी आएका र गएका, मृत्यु भएका, नागरिकता रद्द भएका मतदाताहरुको हकमा नामावली हटाइएको सूचना निर्वाचन कार्यालयमा प्रकाशित गर्ने र फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासंगै आयोगमा पठाउने उल्लेख छ ।

# तामाङ संघको केन्द्रीय कमिटीमा मकवानपुरका ८ जना




साझाकुरा संवाददाता

हेटौँडा, १४ फागुन/नेपाल कम्युनिष्ट पार्टी (एमाले) निकट लोकतान्त्रिक तामाङ संघ नेपालको केन्द्रीय कमिटीमा मकवानपुरका ८ जना चयन भएका छन् ।

संघको पदाधिकारीमा दुई जना र अन्य ६ जना केन्द्रीय सदस्य भएका छन् । संघको केन्द्रीय उपमहासचिवमा हेटौंडा उपमहानगर पालिका वडा नम्बर १५ का वडा अध्यक्ष सुनिल मोक्तान चयन भए । संघको काठमाडौंमा शनिवार भएको दोस्रो राष्ट्रिय सम्मेलनले मोक्तानलाई उपमहासचिवमा सर्वसम्मत चयन गरेको हो । मोक्तान एमाले मकवानपुर जिल्ला सचिवालय सदस्य तथा उपमहानगर इञ्चार्ज छन् । मकवानपुरमा तामाङ समुदायको पहिचान र समग्र क्षेत्रको विकास मोक्तानले विगतदेखि अहम भूमिका निर्वाह गर्दै आएका थिए ।

नवनियुक्त उपमहासचिव मुक्तानले तामाङहरुलाई नेकपा एमालेको नीति र विचारमा गोलबद्ध गराउने उदेश्य बोकेर आफू सधै लागि परिरहेको बताए । मुक्तानले श्रमजीवी वर्ग र गरिखाने वर्गको नेतृत्व गर्ने पार्टी नेकपा एमाले भएको सोझा तामाङहरुको हकअधिकार सुनिश्चितताको लागि सधै कडिबद्ध भएर लाग्ने प्रतिबद्ध व्यक्त गरे । यसैगरी, संघमा मोक्तानसहिद पदाधिकारी र केन्द्रीय सदस्यहरुमा गरेर मकवानपुरका आधा दर्जन नेताहरुको सहभागिता रहेको छ । संघको सचिवमा थाहा नगरकी एमाले नेतृ बरिना बल सर्वसम्मत चयन भएकी छन् ।

संघको केन्द्रीय सदस्यमा हेटौंडा उपमहानगरपालिका १० नम्बर वडाका वडाध्यक्ष फुर्वा दोर्जे लामा, रामबहादुर गोले, चन्द्र योञ्जन, नारायण बल, सुशिला मोक्तान, दिलबहादुर स्याङ्तान चयन भएका छन् । संघको प्रदेश आयोजक कमिटी सदस्यमा रत्न ब्लोन, जितबहादुर घलान र धनबहादुर योञ्जन चुनिए । संघको राष्ट्रिय सम्मेलनले अध्यक्षमा पूर्वमन्त्रीसमेत दावा दोर्जे लामालाई चयन गरेको छ । १ सय ५१ सदस्यीय केन्द्रीय कमिटी रहने संघको स्थाना १० भदौ २०६३ सालमा भएको थियो ।

# थाहाका विपन्न महिलालाई आयआर्जनमा जोड्न सीप



साझाकुरा संवाददाता

हेटौंडा, १४ फागुन/ थाहा नगरपालिकाले गाउँघरमै उपलब्ध बाँस र निगालोबाट हस्तकला सामग्री बनाउन महिलाहरुलाई सिकाएको छ ।

घरेलु स्रोतबाट हस्तकला सामग्री बनाएर आयआर्जन गर्न सकिने भएपछि थाहा नगरपालिकाले गाउँका महिलाहरुलाई सीप सिकाएको हो । गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रमअन्तर्गत् थाहा नगरपालिकाको वडा नम्बर ४ ठूलोमाखुमा विपन्न वर्गका महिलाले बाँस, निगालाको हस्तकलाका सामग्री बनाउने तालिम सुरु गरेका हुन् । थाहा नगरपालिका लघु उद्यम विकास शाखाको आयोजनामा १५ दिनको सीप विकास तालिम सुरु भएको लघु उद्यम सहजकर्ता दिक्षा पाण्डेले बताएकी छन् । महिलाहरुले तालिममा मुढा, कलमदानी, फुलदानी, फोटो फ्रेम, चुरा स्टाण्ड र ऱ्याक बनाउन सिक्ने भएका छन् ।

१५ जना महिला सहभागी तालिममा रामकुमार राईले सहजीकरण गरेका छन् । तालिम उद्घाटनको क्रममा लघु उद्यम विकास कार्यक्रमका अधिकृत कुमार नेगी र थाहा नगर कार्यपालिका सदस्य चन्द्रमाया थिङले तालिमको पूर्ण उपयोग गरी सीप सिकेर व्यवसायिक कार्यमा लाग्न सहभागीहरुलाई आग्रह गरे । तालिमको अन्त्यमा सहभागीहरुले तालिमको क्रममा तयार गरेका सामग्रीहरु प्रदर्शन गरिने जनाइएको छ । निगालाबाट सामान बनाउने सीप विकास तालिम सुरु गर्नुअघि महिलाहरुले उद्यम विकास तालिम लिएका थिए ।

उक्त तालिममा व्यवसाय छनोट गर्दा बजार, कच्चा पदार्थ, प्रविधि, कामदार, पूर्वाधार, लगानी, सरकारी नीति, जोखिम आदि कुरामा ध्यान दिनुपर्ने कुरामा स्पष्ट भएपछि सो आधारमा उनीहरुले निगालोबाट हस्तकलाका सामग्री बनाउने व्यवसाय छनोट गरेका हुन् ।

# हात्तीको आक्रमणबाट मृत्यु भएका परिवारलाई क्षतिपूर्तिको व्यवस्था गर्ने प्रतिवद्धता

साझाकुरा संवाददाता



हेटौंडा, १४ फागुन/ मकवानपुरमा जंगली हात्तीको आक्रमणबाट मृत्यु भएकाको परिवारलाई क्षतिपूर्तिको लागि प्रदेश सरकारसँग पहल गर्ने प्रतिबद्धता जाहेर गरिएको छ ।

नेपाली कांग्रेस बागमती प्रदेश सभापति तथा प्रदेश सभा सदस्य इन्द्रबहादुर बानियाँले जंगली जनावरको आक्रमणमा परि मृत्यु भएका परिवारको लागि प्रदेश सरकारबाट क्षतिपूर्तिको व्यवस्था गर्न आफूले पहल गर्ने बताए । हात्तीको आक्रमणमा परी निधन भएका मनहरी-४ तल्लो मसिनेकी राधादेवी अधिकारीको परिवारसँगको भेटमा उनले जनावरको आक्रमणमा परी मृत्यु भएका परिवारलाई प्रदेश सरकारको तर्फबाट राहत उपलब्ध गराउन मुख्यमन्त्री शाालिकराम जम्कट्टेललाई अनुरोध गरिसकेको बताए ।

उनले प्रदेश सरकारले निर्णय गरेर पीडित परिवारलाई कम्तिमा १ लाख रुपैयाँ राहत उपलब्ध गराउनुपर्ने बताए । साथै स्थानीय सरकारले समेत किरिया खर्चको व्यवस्था गर्नुपर्ने उनको भनाई छ । जंगली जनावरको आक्रमणबाट मृत्यु भएको परिवारलाई संघीय सरकारले उपलब्ध गराउने १० लाख रुपैंया राहत थोरै भएको उनको भनाई छ । प्रदेश सरकारले केही राहत रकम उपलब्ध गराएमा पीडित परिवारलाई सहज हुने उनले बताए । आरक्ष तथा निकुञ्ज क्षेत्र विस्तार हुँदै जाँदा जनावर र मानव द्वन्द्ध बढ्दै गएको नेता बानियाँको भनाई छ ।

घाँस, दाउरा, खेतीपातीको काममा महिलाको संलग्नता बढी रहेको कारण जनावरको बढी जोखिममा महिलाहरु रहेको उनले बताए । पीडित परिवार भेट्न मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेती, नेपाली कांग्रेस मनहरी गाउँपालिकाका सभापति प्रकाश बर्तौला, कांग्रेस नेताहरु शंकर न्यौपाने, रमेश पुरी, मनहरी-८ का वडाध्यक्ष नारायण उप्रेती, मनहरी-३ का वडाध्यक्ष अनन्त अर्याललगायत पुगेका थिए ।

# वीपी वाचनालय र संग्राहलय भवनको शिलान्यास

साझाकुरा संवाददाता

हेटौंडा, १४ फागुन/नेपाली कांग्रेस मकवानपुरले हेटौंडा-२, स्थित वीपी स्मृति भवनसँगै वीपी वाचनालय तथा वीपी संग्राहलयको भवन निर्माणको तयारी गरेको छ ।

नेपाली कांग्रेस बागमती प्रदेशका सभापति इन्द्रबहादुर बानियाँ, जिल्ला सभापति बुद्ध लामा, पूर्वसभापतिहरु रामचन्द्र अर्याल माइकल, रघुरमण न्यौपाने, पूर्वकार्यवाहक सभापति बिष्णुप्रसाद लामिछानेलगायतले वीपी वाचनलय र संग्राहलय भवनको शिलान्यास गरेका छन् । बागमती प्रदेश सरकारको तत्कालीन पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयको आर्थिक वर्ष २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार भवन निर्माण हुने भएको हो । २०८० जेष्ठ अन्तिममा निर्माण सम्पन्न हुने भवनलाई नेपाली कांग्रेसका संस्थापक नेता वीपीको संग्राहलय र वीपी वाचनालयका रुपमा विकास गरिने जिल्ला सभापति बुद्ध लामाले जानकारी दिए ।

उनले वीपीका बारेमा अध्ययन गर्न र जान्न चाहनेहरुका लागी सहयोगी हुने विश्वास व्यक्त गरे । वीपी संग्राहलय पूर्वाधार विकास निर्माण उपभोक्ता समितिका संयोजक प्रभात दाहालले प्रदेश सरकारबाट प्राप्त हुने ४० लाखबाट तत्काल एक तले भवन निर्माण हुने जानकारी दिए । उनले तीन तलासम्म निर्माण हुने भवनका लागि तत्कालै हेटौंडा उपमहानगर पालिकाले थप एक तलाका लागी १५ लाख रुपैयाँ उपलब्ध गराउने निर्णय भएको पनि बताए । भवन शिलान्यास कार्यक्रममा नेपाली कांग्रेस मकवानपुरका सचिव भिमसेन महत, सहसचिव इन्दिरा न्यौपाने, प्रवक्ता अर्जुन चौलागाई, संघीय सभापतिद्वय दामोदर खनाल र लोक मोक्तान, प्रदेश सभापतिहरु सुशान्त श्रेष्ठ, खड्ग गोपाली, मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेती, मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तान लगायतको उपस्थिति थियो ।

# विद्यार्थीहरुलाई शैक्षिक सामग्री र कपडा

हेटौंडा, १४ फागुन/ जिल्लाको विकट कैलाश गाउँपालिका वडा नम्बर ९ घैराङस्थित जीवन ज्योति प्राथमिक विद्यालयमा रोटरी क्लब अफ मकवनपुरले शैक्षिक सामग्री र कपडा सहयोग गरेको छ ।


कक्षा १ देखि ५ सम्मका १ सय २३ जना विद्यार्थीहरुलाई ट्र्याक सुट तथा झोला, किताब, कापी, पेन्सिललगायतका सामाग्री हस्तान्तरण गरिएको हो । क्लबका अध्यक्ष कृष्णबहादुर कार्कीले ३२ वर्ष अगाडि यस गाउँमा आउँदा र अहिले आउँदा उस्तै अवस्था रहेको बताए । स्थानीय सरकारले यस क्षेत्रको सुधारका लागि आवश्यक पहल गरिदिन वडाध्यक्ष मार्फत आग्रह गरेका छन् । घैराङ गाउँको अवस्थालाई परिवर्तन गर्न आफु पनि तयार रहेको बताए । सहयोग हस्तान्तरण कार्यक्रममा बोल्दै वडा ९ का वडा अध्यक्ष भुवन सिंह घलानले भूगोलको हिसाबले एउटा भेग नै छुट्टिएर बसेको र पछाडि परेको यस गाउँ र विद्यालयलाइ सहयोग गरेकोमा रोटरी क्लबलाई धन्यवाद दिए ।

उनले वडा र गाउँ पालिकाबाट हुने भौतिक तथा सामाजिक परिवर्तनका लागि काम गरिने समेत बताएका छन् । रोटरी क्लब अफ मकवानपुरका अध्यक्ष कृष्णबहादुर कार्कीको सभाध्यक्षतामा भएको कार्यक्रममा ९ नम्बर वडा अध्यक्ष भुवन सिंह घलानको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा क्लबका पूर्वअध्यक्ष ज्ञानकृष्ण प्रजापति, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष डबल बहादुर गोलेलगायतको उपस्थित थियो ।


“सुनमा शुद्धता डिजाइनमा आधुनिकता”

आधुनिक सुन चाँदी पसल

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

प्रो. राजु सेन्चुरी

सम्पर्क नं. : ९८४५५३०५६३, ९८१५२२४३४३

कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राइ क्लिनका लागि सधैं सम्झनुहोस् ।



कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।

प्रो. अमिता चौधरी

मेरिना ड्राई क्लिनिङ्ग स्पोट

नगरविकास रोड, हेटौंडा-४, हुप्चौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२


थाहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

## आन्तरिक आय संकलन ठेक्का बन्दोवस्त सम्बन्धी ३० दिने बोलपत्र आव्हानको सूचना

*प्रथम पटक प्रकाशित मिति : २०७९/११/१५ गते*

स्थानीय सरकार संञ्चालन ऐन, २०७४को परिच्छेद(३ दफा ११ को (घ) र आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ मा व्यवस्था भएबमोजिम थाहा नगरपालिकाबाट बाहिर जाने तरकारी व्यवसाय कर उठाउन २०८० बैशाख देखि २०८० चैत्र मशान्त सम्मको लागि बोलपत्रबाट ठेक्का लगाउनु पर्ने भएकोले ईजाजत प्राप्त इच्छुक फर्म, कम्पनी वा संस्थाहरुबाट देहायको शर्तको अधिनमा रहि रितपूर्वकको सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धी शर्तहरु बुझ्नु परेमा थाहा नगरपालिका खरिद ईकाई शाखामा सम्पर्क राख्न सकिने छ ।

**शर्तहरु:**

१. बोलपत्र शिलबन्दी दरभाउ पत्र फाराम खरिद गर्न ईच्छुक फर्म, उद्योग, कम्पनी वा संस्थाहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समयभित्र चालु आ.ब.को लागि नवीकरण भएको फर्म दर्ता, प्रमाण पत्र, स्थायी लेखादर्ता प्रमाण पत्र, मू.अ.कर दर्ता प्रमाण पत्र एवं आ.व. २०७८/७९को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखि लिखित निवेदन पेश गरि तोकिए बमोजिमको राजस्व दस्तुर (फिर्ता नहुने गरि) बुझाई बोलपत्र फाराम खरिद गर्न सकिने छ ।
२. खरिद गरिएको बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१औं दिनको १२.०० बजे भित्र यस कार्यालयको नाममा सम्बोधन गरि बोलपत्र फाराम पेश गर्नेको नाम, ठेगाना र फोन नं. उल्लेख गरि सही छाप गरी सिलबन्दी लाहाछाप लगाई खामको बाहिर विवरण खुलाई ठेक्का नं. समेत उल्लेख गरि यस कार्यालयको जिन्शी तथा खरिद ईकाई शाखामा तोकिएको समयभित्रै दर्ता गराई सक्नु पर्ने छ । सो सिलबन्दी दर्ता गर्ने अन्तिम दिनको २.०० बजे बोलपत्रदाता वा निजहरुले अख्तियारनामा दिई पठाएका प्रतिनीधिको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजका प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
३. बोलपत्रकर्ताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसायी सम्बन्धि कसुरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा घोषणा गरेको कागजात बोलपत्र फाराम साथ पेश गर्नु पर्नेछ ।
४. बोलपत्र साथ आफूले कबोल गरेको अंकको ५ प्रतिशत (पाँच प्रतिशत) रकम यस कार्यालयको कृषि विकास बैंकको धरौटी खाता ०५०८४०११५५७३८०३० मा दाखिला गरेको सक्कलै बैंक भौचर संलग्न राख्नूपर्ने छ वा यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरी १२० दिन अवधि (Validity) रहेको सक्कल बैंक जमानीपत्र (Unconditional Bidbond)संलग्न गरी पेश गर्नु पर्नेछ ।
५. गोप्य शिलबन्दी बोलपत्रमा आफूले कबुल गरेको अंक र अक्षर दुबै स्पष्ट रुपले उल्लेख गर्नुपर्नेछ, केरमेट भई अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
६. गोप्य शिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ तर बोलपत्र खरिद गर्ने अन्तिम दिनलाई यो सुविधा हुने छैन ।
७. यो बोलपत्र सम्बन्धी कुराहरु यसमा लेखिए बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ नियमावली, २०६४ तथा नेपाल सरकारका अन्य ऐन, नियमहरु बमोजिम हुनेछन् ।
८. पहिलो किस्ता बराबरको रकम दाखिला गरी बाँकी किस्ता रकम बराबरको Performance Bond गरेको बैंक ग्यारेन्टी ठेक्का अवधि भन्दा कम्तीमा १ महिना बढि समय सम्मको लागि राखेपछि मात्र शर्त कबुलियत गरिनेछ ।
९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहने छ । ठेक्का सम्बन्धी कुनै विवाद भएमा नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ, बोलपत्र सम्बन्धि अन्य कुराहरु बुझ्नु परेमा नगरपालिकाको स्टोर शाखामा आई बुझ्न सकिने छ ।
११. व्यवसाय हुने वस्तुको दररेट यस नगरपालिकाले तोके बमोजिम हुनेछ दररेट नगरपालिकाले उपलब्ध गराउने बोलपत्र फाराममा संलग्न हुनेछ ।
१२. ३० प्रतिशत रकम (अग्रीम दाखिला गरिएको ५% धरौटी समेत) बुझाउनु पर्नेछ । बाँकी रकम प्रथमकिस्ता २५ प्रतिशत २०८० अषाढ मशान्त दोश्रो किस्ता २५ प्रतिशत २०८० कात्तिक मशान्त र अन्तिम किस्ता २० प्रतिशत २०८० फागुन मशान्त सम्म रकम नगर पालिकाको आन्तरिक आय खाता ०५०८४०११५५७३८१८९ मा जम्मा गर्नु पर्ने छ ।

**तपसिल:**

| सूचना तथा ठेक्का नं. | विवरण | न्युनतम कबोल अंक | टेण्डर फारम दस्तुर | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १/०७९/०८० | तरकारी व्यवसाय तथा जडिबुटी जन्य पदार्थ कर | ४६,६४,००० (भ्याट बाहेक) | रु.२०००/- | कबुल अंकको ५ प्रतिशत | |

१३. निकासी पैठारी हुने वस्तुको दर रेट सम्बन्धी विस्तृत विवरण थाहा नगरपालिकाको वेभसाइड www.thahamun.gov.com.np र सूचना पाटीमा हेर्न सकिनेछ ।
१५. शुल्क अशुल गर्दा प्रयोग गरिने रसिद ठेकदार आफैले तयार गरि न.पा.को छाप लगाई चलन गर्नु पर्ने छ ।
१६. बोलपत्र स्वीकृत भएको जानकारी पाएको सात दिनभित्र कबुलियत गरि चलन पुर्जी लिन नआएमा निजले राखेको धरौटी जफत गरि नियमानुसार घटिवालासंग ठेक्का सम्झौता गर्न सकिने छ ।
१७. मूल्य अभिवृद्धि कर (VAT) ठेकेदार स्वयमंले व्यहोर्नु पर्ने छ भ्याट बापतको रकम बिलमा जोडी लिन पाईने छैन । साथै नगरपालिकाले उल्लेख गरेको दररेटमा कुनैपनि रकम थप गरि अशुल गर्न पाईने छैन ।

**थाहा नगरपालिका**
**राजस्व शाखा**

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना